## मिति २०८२ साल मंसिर ११ गते बिहिवार बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको ४९ औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ४८ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएका कार्यप्रगतिका वारेमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं. २**

यहि मंसिर १६ गते हुने मन्थली नगरपालिकाको नगर स्थापना दिवस समारोह देहाय बमोजिमका कार्यक्रम सञ्चालन गरी मनाउने ।

**देहाय**

१. रामेछाप जिल्लाबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने सभा सदस्यहरुलाई अतिथिको रुपमा आमन्त्रण गर्ने ।
२. जिल्ला समन्वय समितिका प्रमुख तथा नगरस्तरीय राजनितिक दलका प्रतिनिधीहरुलाई समेत आमन्त्रण गर्ने ।
३. नगरपालिकाको कार्यसम्पादनको प्रगति प्रतिवेदन तयारी गरी पेश गर्ने ।

**निर्णय नं. ३**

बागमती प्रदेश सशर्त तर्फको स्थानीय तहको ३० प्रतिशत लागत साझेदारीमा सूचना प्रविधिमा आधारित कृषि उपज बजार केन्द्र स्थापनाका लागी मन्थली वडा नं. १ को ट्राफिक विट अगाडिको म.न.पा.को स्वामित्वमा रहेको सपिङ्ग कम्प्लेक्सको भवन र आसपासको क्षेत्र प्रयोग गरी प्रकृया अगाडी वढाउने ।

**निर्णय नं. ४**

देहायमा उल्लेखित कार्यविधि तथा रणनितिहरु संसोधन सहित पारित गर्ने ।

१. मन्थली नगरपालिकाको तरकारी नर्सरी स्थापना तथा सञ्चालन कार्यविधि, २०८२
२. मन्थली नगरपालिकाको कृषि यान्त्रिकरण प्रबर्धन कार्यविधि, २०८२
३. मन्थली नगरपालिका उद्यम रणनिति, २०८२

देवाशं सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ५

मन्थली नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७८ मा उल्लेखित देहाय बमोजिमको पुनरावलोकन गरी पद दर्ताको लागी प्रदेश किताबखाना बागमती प्रदेशमा पठाउने ।

| क्र.सं | प्रतिवेदनमा उल्लेखित साविकको पद | तह | संख्या | पुनरावलोकन गरिने पद | तह | संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | अधिकृत प्रशासन | ६ | १ | शाखा अधिकृत | ७ | १ | |
| २ | बरिष्ठ सहायक प्रशासन | ४ | ७ | वरिष्ठ सहायक | ५ | ७ | |
| ३ | असिष्टेण्ट सव इन्जिनियर | ४ | ५ | सव इन्जिनियर | ५ | ५ | |
| ४ | अमिन | ४ | १ | सर्भेक्षक | ५ | १ | |
| ५ | महिला विकास सहायक प्रशासन / विविध | ४ | १ | बरिष्ठ महिला विकास सहायक | ५ | १ | |

## निर्णय नं. ६

भुउपयोग वर्गिकरणको कित्तागत विवरण प्रविष्ट गर्दा वा अन्य कारणले विवरण फरक परेको भनी सम्बन्धित जग्गाधनीले सम्बन्धित वडाको सिफारिस सहित निवेदन गर्न आएमा जग्गा धनीको निवेदन र संलग्न कागजातको आधारमा कित्तागत विवरण सच्याउन सम्बन्धीत निकायमा सिफारिस गर्न कार्यालयलाई निर्देशन गर्ने ।

## निर्णय नं. ७

मन्थली नगरपालिका र पालिका अन्तर्गतका निकायमा कार्यरत कर्मचारी व्यवस्थापनका सम्बन्धमा देहाय बमोजिम गर्न कार्यालयलाई निर्देशन गर्ने ।

(क) वडामा कार्यरत करार कर्मचारीको म्याद थप गर्दा सम्वन्धीत वडा समितिसँग समन्वय गरी प्रकृया अगाडी वढाउने ।

(ख) पशु तथा कृषि प्राविधिक कर्मचारीहरुको कार्यसम्पादनको नियमित प्रतिवेदनका आधारमा आवश्यक निर्णय लिने ।

(ग) विपदको समयमा गरिएको बाटो निर्माणको सरसफाईको भुक्तानी प्रकृया तत्काल अगाडी वढाउने ।

(घ) अस्थायी तथा करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने प्रकृया अगाडी बढाउने ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ङ) विभिन्न विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको व्यवस्थापनमा कार्ययोजना निर्माण गरी नगर शिक्षा समितिमा पेश गर्ने ।

**निर्णय नं. ८**

फोहोरमैला प्रशोधन केन्द्र निर्माणका लागि नगर क्षेत्रमा रहेका अन्य क्षेत्रको सम्भाव्यता अध्ययन गर्दा वजार केन्द्र, हवाई मैदान र सहज यातायातको पहुँच नभएका कारण मन्थली आसपासका कुनै पनि क्षेत्रमा केन्द्र स्थापना गर्न जग्गा उपयुक्त नभएकोले मन्थली नगरपालिका वडा नं. ६ को हिउदलीको सार्वजनिक जग्गाको प्रयोग वाहेक अन्य कुनै पनि विकल्प नभएकाले उक्त क्षेत्रको जग्गा भोगाधिकार लिन प्रक्रिया अगाडि वढाउने ।

२०८०/०८/१२

प्रमुख प्रशासकीय अधिकृत